हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ४८ पृष्ठ : ४ २०७७ भदौ १६ गते मंगलबार (Tuesday 1 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## कोरोना संक्रमित बढेपछि गोलबजारमा 'एक घर एक पीसीआर जाँच'

गोलबजार । नगर क्षेत्रमा कोरोना संक्रमितको संख्या बढ्न थालेपछि गोलबजार नगरपालिकाले समुदायस्तरमा कोरोना परीक्षणलाई व्यापक बनाउन 'एक घर एक पीसीआर जाँच' अभियान चलाएको छ । पछिल्लो दुई दिन अवधिमा गोलबजार नगर क्षेत्रमा १० महिलासहित २४ जनामा कोरोना संक्रमण पुष्टि भएपछि नगर कार्यपालिकाको आइतबार सम्पन्न बैठकले 'एक घर एक पिसिआर जाँच' अभियान चलाउने निर्णय गरेको नगर प्रमुख देवनाथ साहद्वारा जारी सूचनामा उल्लेख छ ।

कार्यपालिकाले नगरको १ देखि १३ नं. वडामा पर्ने हरेक गाउँ टोलमा 'एक घर एक पीसीआर जाँच' अभियान चलाउने निर्णय गरेसँगै सोमबार बिहानदेखि स्वास्थ्यकर्मीहरूको टोलीले समुदायस्तरमा स्वाब संकलन थालेको नगर स्वास्थ्य शाखा प्रमुख सरोज कर्णले बताए ।

जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णय र प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले विशेष पहल थालेसँगै कोरेना संक्रमितको स्थानीयस्तरमै उपचारका लागि नगरपालिकाले ५० शैंयाको आइसोलेसन पनि सञ्चालन गर्ने निर्णय गरेको सूचनामा उल्लेख छ ।

कोरोना संक्रमितका लागि जिल्लाको सिराहा सदरमुकाम र धनगढीमाईको छपराढीमा सञ्चालित आइसोलेसनको क्षमताले नभ्याउने भएपछि नगरपालिकाले आˆनै स्रोत परिचालन गरि गोलबजार नगरपालिका-९ स्थित मावि भवनमा आइसोलेसन सञ्चालन गर्नेगरि सरसफाइ, खानेपानी, बिजुली, शौचालयसहितको व्यवस्थापन थालिएको नगर प्रमुख साहले बताए ।

गोलबजार स्वास्थ्य शाखा प्रमुख कर्णका अनुसार नगरपालिकाले तत्काल दुई हजार थान भिटिएम खरिद गरि समुदायस्तरमा कोरोना परीक्षणका लागि स्वाब संकलन गरिरहेको

बाँकी २ पेजमा



## सिरहामा २७ भदौसम्म निषेधाज्ञा थप

*जिल्ला प्रशासन कार्यालय सिराहाले ३२ साउनदेखि जारी गरेको निषेधाज्ञा २७ भदौसम्मका लागि बढाएको छ । प्रशासनले जारी गरेको निषेधाज्ञा १५ भदौ राति १२ बजे सकिने भएपछि सोमबार थपिएको हो ।*

*सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले अत्यावश्यक सेवा र कामबाहेक निषेधाज्ञाका वेला अन्य गतिविधि नगर्न आग्रह गरेका छन् । प्रजिअ कँडेलले कोरोनाको जोखिम समुदायस्तरसम्म नै फैलिएकोले लहान, गोलबजार, धनगढीमाई, सुखीपुर, कल्याणपुर, सिरहा नगरपालिका र विष्णुपुर गाउँपालिकामा निषेधाज्ञालाई निरन्तरता दिइएको उल्लेख गरे ।*

*जिल्लाका विभिन्न स्थानीय तहमा ३२ साउनसम्म ५८ जना कोरोना संक्रमित रहेकोमा १४ भदौसम्म १५० जना पुगेका छन् ।*

***निषेधाज्ञामा के गर्ने के नगर्ने ?***

*प्रजिअद्वारा जारी आदेशमा निषेधाज्ञाका वेला अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्किने, बाहिर निस्किनै परे स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गर्ने, संघ संस्था, निकाय वा व्यक्तिले*

बाँकी ३ पेजमा

## हरूवा चरुवालाई राहत सहयोग

लहान । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकामा समृद्ध फाउण्डेशनले तीन सय १२ घरपरिवार हरूवा चरूवालाई राहत वितरण गरेको छ । उनीहरूलाई तीन चरण गरी चामल, दाल, तेल, नुन वितरण गरिएको फाउण्डेशनले जनाएको छ ।

लकडाउनले मारमा परेका हरूवा चरूवा परिवारलाई पहिलो, दोस्रो र तेस्रो चरणमा राहत वितरण गरिएको थियो । पहिलो चरणमा प्रति परिवार चामल २५ किलोग्राम, दाल, तेल, साबुन र दोस्रो चरणमा पनि प्रतिपरिवार २५ किलोको दरले चामल वितरण गरिएको थियो । तेस्रो चरणमा प्रतिपरिवार २० किलोग्राम चामल, ४ थान साबुन र तेल वितरण गरिएको छ ।

गाउँपालिकाको ५ वटै वडाका हरूवा चरूवा परिवारलाई संस्थाले राहत सहयोग गरेको संस्थाका चन्द्र राईले जानकारी गराए । उनका अनुसार वडा १ का कटैया, मधुबनी, वडा २ का सोठियाइन, पटना, वडा ३ का मिर्जापुर, पोर्ताहा, वडा ४ का सखुवा, सिमरहा र वडा ५ का महेशवारी, इटहर्वामा राहत वितरण गरिएको छ ।

फाउण्डेशनका अनुसार हरूवा चरूवा १० वटा समुहमा ३ सय १२ घरपरिवार आवद्ध छन् । उनीहरूले राहत पाएका छन् ।

सन् २०१८ देखि 'द फ्रिडम फण्ड'को सहयोगमा फाउण्डेशनले यहाँ हरूवा चरूवा परियोजना सञ्चालन गरेको राईले जानकारी गराए । हरूवा चरूवा समूहमा विपन्न गरिबहरु रहेका छन् ।

## कटैयाका पीडित परिवारलाई राहत

लहान । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ कटैया गाउँका पीडित परिवारले सोमबार राहत पाएका छन् । कटैया मुखिया बस्तीका ३ र छिमेकी बस्तीका एक जना गरि ४ जनाको गतभदौं ५ गतेयता एउटै लक्षणबाट मृत्यु भएको थियो । उनीहरूको परिवारलाई लकडाउनमा खाद्यन्न समस्या भएपछि कांग्रेसका नेताहरूको सहयोगमा राहत वितरण गरिएको हो ।

सोमबार गाउँमा पुगेर पीडित परिवारलाई राहत सहयोग गरिएको ट्रेड युनियन कांग्रेस



सिरहाका सभापति संजीव उपाध्यायले बताए । उनका अनुसार प्रतिपरिवार ५० किलोग्राम दरले चामलसँगै दाल, तेल, नुन र आलु वितरण

बाँकी ३ पेजमा

भित्री पृष्ठमा

२००७ सालको शाही घोषणाको पृष्ठभूमि
पेज २ मा

समृद्ध गाउँ/नगर निर्माणमा स्थानीय तहको भूमिका
स्तम्भ : पालिका बहस
पेज ४ मा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



बद्री नारायण चौधरी
वडा अध्यक्ष
लहान नगरपालिका-१२

# सम्पादकीय

## सरसफाइ नै सभ्यताको सूचक

पहिरनले टल्किनु मात्रै सभ्यताको सूचक हुन सक्दैन । कुनै पनि समाज वा समुदाय कति सु–संस्कृत छ भन्ने बुझ्न घरभित्रै पस्नु पर्दैनर । उसको वरपरको वातारणले त्यस ठाउँको र व्यक्तिको पहिचान दिन्छ । उ कति सभ्य छ, समाज कति सुन्दर छ भन्ने कुरा । समाज निर्माणको लागि सभ्य नागरिक बन्न सक्नुपर्दछ । हरेक सुन्दर परिवारले सुन्दर र सभ्य संस्कारद्वारा पवित्र समाज बसाउँदोरहेछ । मानव समाजको सुन्दर र सभ्य परिचय दिन सरसफाइ अपरिहार्य हो । सरसफाइ मानव जीवन, स्वास्थ्य र सभ्यताका दृष्टिले समेत निकै महत्वपूर्ण कुरा होर ।

समाज र मानव जातिको अस्तित्व रहुन्जेल सरसफाइको औचित्य रहन्छ, अनि राज्य र समाजले त्यसलाई नियमित कार्यभारका रूपमा अगाडि बढाइरहनु पर्दछ र । जहाँ सरसफाइ हुन्छ, त्यहाँ मानव आकर्षण बढ्छ, जसको फाइदा सम्बन्धित क्षेत्र, स्थान र समाजले नै लिन्छ । त्यसका लागि सुन्दर, शान्त र आदर्श समाज निर्माणमा अग्रसर हुन जरुरी हुन्छ । र, हरेक व्यक्ति मनदेखि सफा हुनुपर्छ 'शान्त र विकसित समाज निर्माणका लागि ।'

अर्कोतर्फ सरसफाइ मानिस स्वस्थ रहनका लागि व्यक्तिगत तथा वातवरणीय स्वच्छता कायम गर्ने कार्य हो । सफाइ भनेको उज्जवलता, निर्मलता, स्वच्छता, पवित्रता हो । सफाइप्रति प्रेम र फोहोरप्रतिको घृणा भावले मानिसको सरसफाइप्रतिको दृटिकोण स्पष्ट पार्दछ । सरसफाइ मानिसले स्वयं गर्ने कार्य हो । हाम्रो सनातन संस्कृतिमा यो मान्यता छ कि जहाँ सफासुग्घर रहन्छ त्यहीँ लक्ष्मीको वास हुन्छ । यसर्थ महालक्ष्मीको उपासना गर्नुको अर्थ आफ्नो घर परिवार, वरपर सफासुग्घर बनाएर राख्नु सनातनधर्मीको धर्म, कर्तव्य र आचरण हुन आउँछ । देवालय भन्ना साथ पवित्र स्थान मानिन्छ । देवालय र तीर्थालयमा जाँदा मानिस पवित्र भएर जानु अनिवार्य हुन्छ भन्ने मात्र होइन कि देवालय र तीर्थालयमा शीर निहुराएपछि अन्त :करणसमेत निर्मल र पवित्र भएर आउँछ भन्ने कुरा व्यक्ति व्यक्तिले अनुभूत गरेको विषय हो । हरेक चाडपर्वमा सरसफाइको महत्व विशिष्ट छ । चाडपर्व भन्नासाथ कुरा सरसफाइबाट प्रारम्भ हुन्छ । तर कतिपय चाड सरसफाइ र पवित्रताको स्थापनाकै लागि आयोजन गर्ने परम्परा पनि छ ।

सरसफाइ मानिसको प्राकृतिक गुण हो । मानिसले आफ्नो वरिपरिको क्षेत्रलाई सफा राख्न चाहनु स्वाभाविक हो । आफ्नो वासस्थल र कार्यस्थलमा फोहोर फैलिन दिनु हुँदैन । सफासुग्घर राख्न सकेन भने माखो, मच्छर, बिच्छु, सर्पजस्ता हानिकारक किराहरू घरमा प्रवेश गर्ने छन् र जसबाट अनेक प्रकारको रोग र विषालु किटाणु घरमा चारैतिर फैलिन सक्छन् । यसले एक व्यक्तिलाई मात्र होइन, सिंगो परिवारलाई नै डस्ने र रोगग्रस्त बनाउने जोखिम हुन्छ । यही जोखिमको लहान नगरक्षेत्र पुगिसकेको थियो । लहान क्षेत्रको फोहोर विवादकैं कारण महिना दिनदेखि उठन सकेको थिएन । गत साउन १३ गतेदेखि उठाउन रोकिएको लहान नगरक्षेत्रको फोहोर सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेल र सरोकारवालाहरूको पहलमा आइतबारबाट उठाउन सुरु गरिएको छ । जुन सह्रानीय कार्य हो ।

अर्को तर्फ चिकित्सकका अनुसार मानिसले सरसफाइमा ध्यान दिने हो भने ३० देखि ६० प्रतिशतसम्म रोग लाग्नबाट बच्न सकिन्छ । तसर्थ स्वास्थ्य सपार्ने र बिगार्ने दुवै काम हामीमा निहित छ । त्यसैगरि समृद्ध नगर निर्माण या बिगार्ने यसमा सबैको उत्तिको भूमिका रहन्छ । तसर्थ आउनोस् फोहोरको राजनीति त्यागेर सुन्दर लहानसहित समृद्ध नगर निर्माणका लागि सबै जुटौं, रुख रोपौं, फूल रोपौं र चेतनामा परिवर्तन गरौं । ताकि फेरि पनि विवादले लहान नगर फोहोरको थुप्रोमा परिणत हुन नपरोस । सबैले आ–आफ्नो हठ त्यागौं ।

# २००७ सालको शाही घोषणाको पृष्ठभूमि

## बिपी कोइराला राजनीतिक अभिलेख

स्वर्गबासी श्री ५ महाराजाधिराज त्रिभुवनले २००७ फगुन ७ गतेका दिन एउटा अत्यन्त महत्वपूर्ण घोषणा गरिबक्सेको थियो । त्यो घोषणा चाहे प्रभुसत्ता निहित 'जनता' हुन्, चाहे त्यो प्रभुसत्ता मान्ने कानुनी व्यक्ति 'राजा' हुन्, दुवैका लागि महत्वपूर्ण छ । दिनप्रतिदिनका नयाँ समस्यामा अल्झिरहने राजनीतिज्ञ र साधारण जनताको पनि बितेका कुरा बिर्सिने बानी हुन्छ । तसर्थ, हामीले एकछिनका लागि २००७ सालको शाही घोषणालाई दोहोऱ्याएर अध्ययन गऱ्यौं र त्यसको वैधानिक महत्वलाई एकचोटि फेरि स्मरण गर्ने प्रयत्न गऱ्यौं भने आजका धेरै वैधानिक समस्या सुगम भएर जान्छन् । नत्र, इतिहासको क्रमलाई ध्यान नदिई वैधानिक वादविवाद गरि रह्यौं भने 'अन्धोले नभएको कुरालाई अँध्यारो कोठामा खोजेको जस्तो ' हुन्छ । २००७ सालको शाही घोषणामा अत्यन्त स्पष्ट शब्दमा भनिएको छ – 'अब उप्रान्त हाम्रा प्रजाको शासन निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय छ ।'

उपरोक्त घोषणाको वैधानिक महत्वको चर्चा गर्नु अनावश्यक छ । यस घोषणाले पुरानो शासन व्यवस्थालाई खुकुरीको एक चोटले छिनाले झैँ अन्त्य गऱ्यो र त्यही एक चोटले प्रजातान्त्रिक व्यवस्थाको पनि बिजारोपण गरेको छ । प्रजातन्त्रको सिद्धान्तलाई पूर्ण रूपले स्वीकार गरेको हुनाले यो घोषणालाई प्रजातन्त्रको मौलिक 'अधिकारपत्र' भने पनि हुन्छ । 'निज (प्रजा) हरूले निर्वाचित गरेको वैधानिक सभाको तर्जुमा गरेको विधान' यस घोषणामा ध्यान दिनुपर्ने शब्दहरु हुन् । प्रजातन्त्रमा कुनै व्यक्तिमा सर्वोच्च अधिकार निहित नभई सामूहिक रूपबाट जनतामा निहित रहन्छ भन्ने कुरा प्रजातन्त्रवादीहरूको सिद्धान्त भएकाले प्रजातन्त्रका अटल पुजारीहरूको कुरा छाडौं । तर यसको विपरीत राजामा प्रभुसत्ता निहित रहन्छ भन्ने कुरा प्रजातन्त्रवादीहरूको सिद्धान्त भएकाले प्रजातन्त्रका अटल पुजारीहरूको कुरा छाडौं । तर यसको विपरीत राजामा प्रभुसत्ता निहित रहन्छ भन्ने महानुभावहरूका लागि पनि यो शाही घोषणाको ठूलो अर्थ छ । राजामा प्रभुसत्ता निहित हुन्छ भने पनि राजाले आफ्नो अधिकार २००७ को घोषणाद्वारा जनतालाई स्वेच्छाले बुझाइसकेका छन् । प्रजातान्त्रिक सिद्धान्तअनुसार स्वभाविक रूपले जनतालाई देशको विधानको रचना गर्ने अधिकार उपलब्ध छ । जनताको यो स्वाभाविक अधिकारका सम्बन्धमा कानुनी वा वैधानिक कुनै अप्ठारो रहेको भए पनि त्यसलाई २००७ सालको शाही घोषणाले फुकाइदिएको छ ।

राजाले जनताको अधिकारलाई स्वीकार गरेको कुरा शाहीघोषणाका स्पष्ट छ । यस्तो कुरो प्रस्ट हुँदाहुँदै कहींबाट प्रजातन्त्रको त्यस प्रथम अधिकारपत्रलाई महत्वहीन पार्ने प्रयत्न हुन थलियो भने विधान र ऐनमा लेखिएअनुसार कानुनको रक्षा र पालन गर्ने शान्तिप्रिय नागरिकहरूको मनमा वैधानिक उपायलाई त्यागेर अरू कुनै उपायद्वारा प्रजातन्त्रको रक्षा गर्ने विचार उत्पन्न हुन स्वभाविक हुन जान्छ । राजाको कुरामा अविश्वास गर्ने कुनै पनि स्थिति वैधानिक राजतन्त्रकालागि मात्र होइन, अहिलेको अवस्थामा देशमा लागि पनि सङ्कटमय हुन्छ ।

२००७ सालको शाही घोषणा इतिहासक्रमको एउटा परिणाम हो । यसलाई समकालीन राजनीतिक परिस्थितिबाट अलग वा भिन्न राखेर श्री ५ को एउटा मानकि तरङ्गको परिणाम हो भन्नु वा सोच्नु इतिहासलाई चटक्कै बिर्सेको जस्तो हुनेछ । यो घोषणा इतिहासको शिशु हो । त्यस समयको इतिहास के थियो ? नेपालका जनता र नेपालका नरेश दुवै राणाशाहीबाट आक्रान्त थिए । राणाशाही व्यवस्था एकतान्त्रवादी थियो । जनताको प्रजातान्त्रिक अधिकार र राजाको वैधानिक अधिकार दुवै हरिएका थिए । जनता र राजा दुवै कैदीजस्ता थिए ।

त्यस समय राजा र प्रजा दुवै स्वेच्छाचारी शासनको अन्त्यका लागि उकुसमुकुस गरिरहेका थिए । त्यसका लागि देशमा समय–समयमा फाटफुट साना–ठूला प्रयत्न भइरहेका थिए । त्यस प्रयत्नमा राजाले पनि परोक्ष रूपमा मद्दत दिइरहेको सबैलाई थाहा भएकै छ । यो सबै प्रयत्नको लक्ष्य राजसत्ताको पुनर्स्थापना मात्र थियो भन्ने तर्क कसैले गरे भने प्रजापरिषद्लाई साजाको भरौटे संस्था भन्नु पर्छ । र, त्यस समय राजाले राणाशाहीको स्थानमा आफ्नो प्रभुसत्ता स्थापना गर्ने लक्ष्य मात्र लिएर राजनीतिक प्रयत्नहरूलाई परोक्ष रूपले मदत दिएका थिए भन्ने तर्क कसैले निकाल्यो भने पनि त्यसमा राजाको विशुद्ध स्वार्थ मात्र प्रकट हुन्छ । यी दुवै कुरालाई मान्न हामी तयार छैनौं ।

हाम्रो दृष्टिबाट २००७ सालको क्रान्तिभन्दा पहिलेका व्यक्तिगत वा सामूहिक यावत् प्रयत्न प्रजातन्त्रका लागि थिए र राजाको परोक्ष सहयोग पनि यही महान् उद्देश्यका लागि नै थियो । त्यस समयदेखि नै २००७ सालको शाहीघोषणाको नजानिँदो किसिमले ऐतिहासिक सूत्रपात भएको हो । त्यसपछि, नेपाली कांग्रेस जन्म भयो र द्वितीय महायुद्धपछि त्यसले जन्माएको 'नेपालका जनतामा आधारित राजनीतिक आन्दोलनको इतिहास' ले लामो–लामो र छिटो–छिटो पाइला सार्न थाल्यो । नेपाली कांग्रेसले समयको पूरा लाभ उठाएर क्रान्तिको तयारी गऱ्यो ।

राजाले पनि गद्दी त्यागेर जनताको मागमा परोक्ष रूप अफ्नो स्वीकृति दिँदै राजा र जनताको लक्ष्यलाई एकताको सूत्रमा बाँधे । राजा र जनता दुवैको लक्ष्य थियो– प्रजातन्त्र ! अकलुषित प्रजातन्त्र !! श्री ५ त्रिभुवनको आह्वानमा २००७ सालको क्रान्ति स्थगन गरियो । र, दिल्ली सम्झौताको आधारमा राजा र प्रजा दुवै स्वतन्त्र भए । त्यही स्वतन्त्रताको प्रथम ध्वनि श्री ५ त्रिभुवनको घोषणा थियो ।

२००७ को घोषणा र दिल्लीसम्झौता स्वर्गबासी महाराजाधिराजको मनको लहडको परिणाम नभई कांग्रेस र राजाबीचको सम्झौताको परिणाम हो । राष्ट्रिय दृष्टिबाट हेर्दा त्यो घोषणा क्रान्तिको फल हो ।

राजाका दृष्टिबाट हेर्दा राजाले बन्धनमुक्त भएपछि जनताप्रति प्रकट गरेको कृतज्ञता हो । राणाशासकहरूका दृष्टिबाट हेर्दा त्यो घोषणा परिस्थितिलाई स्वीकार गरेको अवस्था हो । हामीले यावत् इतिहासलाई बिर्सेर २००७ को शाही घोषणालाई दरबारिया राजाका लागि भएको क्रान्तिको प्रकाशमा मात्र हेर्न थाल्यौं भने त्यो एउटा ठूलो अव्यावहारिक र प्रतिक्रियावादी कार्य हुनेछ । २००७ सालको शाही घोषणा २००७ को क्रान्तिद्वारा प्रप्त भएको जनताको अधिकार हो । – *१९५६ (स्रोत :सर्वप्रथम प्रकाशित : नेपाल पुकार पुर्नप्रकाशन : 'राजतन्त्र र लोकतन्त्र' भाग–१, २०३० साल, प्रकाशक: समाजवादी विद्या सदन, वाराणसी)*

## कोरोना ...

छ । नगर क्षेत्रमा आइतबार साँझसम्म नौ सयजनाको स्वाब संकलन गरि पीसीआर परीक्षण गरिएकोमा ४६ जनामा कोरोना पुष्टि भएको प्रमुख कर्णले बताए । कोरोना पुष्टि भएकामध्ये एकजनाको मृत्यु भएको, २४ जना सिराहा कोभिड अस्पतालको आइसोलेसनमा उपचाररत रहेको, आठजना होम आइसोलेसनमा रहेको र १५ जना उपचारपछि निको भएर घर फर्किएको उनले बताए ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

## सिरहामा ...

*सार्वजनिक भेला, मेला, भोज वा जमघटको आयोजना नगर्ने, धार्मिक स्थलहरूमा भेला नगर्ने, धार्मिक पर्वहरु आ–आफ्नो घर घरमै मनाउनुपर्ने उल्लेख छ । यस्तै, खाद्यान्न, ग्यास, तरकारी, फलफूल, मासुजस्ता खाद्यजन्य पसलहरु बिहान ५ बजेदेखि ९ बजेसम्म मात्र सञ्चालन गर्ने, बैंक तथा वित्तीय संस्थाहरु बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म मात्र सञ्चालन गर्ने भनिएको छ । निषेधाज्ञा अवधीमा सरकारी, सार्वजनिक तथा गैरसरकारी क्षेत्रका कार्यालयहरूले आन्तरिक कार्य सम्पादन मात्र गर्ने, त्यस्ता निकायका पदाधिकारी वा कर्मचारीले आफ्नो आधिकारिक परिचय पत्र देखाई बिहान ९ देखि साढे १० बजेसम्म र साँझ कार्यालय समयको आधा घन्टा पहिले र आधा घन्टा पछिसम्म आवतजावत गर्न पाइनेछ ।*

## कटैयाका ...

गरिएको छ ।

भदौं ५ गते ३७ वर्षीय श्यामदेव यादव, भदौं ६ गते ६० वर्षीय कुशेश्वर मुखिया र भदौं ७ गते ३५ वर्षीय रामउदगार मुखिया र २८ वर्षीय दिपेश मुखियाको मृत्यु भएको थियो । घरेलु मदिरा सेवन गरेका कारण मृत्यु भएको स्थानीयको भनाइ छ । घटनापछि गाउँमा स्थानीयहरूले मदिरा बिक्री वितरणमा बन्देज लगाएका छन् । कसैले बेचे र खाए ५० हजार जरिवाना गर्ने निर्णय गरिएको स्थानीय अरूण यादवले सुनाए ।


दलित जनकल्याण युवा क्लब स्था. २०५७ लहान, सिरहा

actionaid NEPAL

## खाद्यान्न तथा कोभिड–१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशन मितिः २७ अगस्त, २०२० ( ११ भाद्र, २०७७)**

दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम ( Emergency Response Plan ) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरूले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति ११ सेप्टेम्वर २०२० (२६ भाद्र २०७७), साँझ ३ बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विकरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज ( चामल ,गहुको पिठो, सर्वोत्तम पिठो, चना मटर, मुसुरो दाल, धारा तेल र नुन ) | १,४५० |
| २. | कोभिड १९ रोकथाम किट ( डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगा धुने साबुन र नुहाउने साबुन, ) | १,४८० |
| ३. | माथि उल्लेखित समानहरूको ढुवानी र प्याकेजिङ सहितको मुल्य सिरहाको लहानसम्म | |

शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान–१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कार्यलयबाट २७ अगस्त २०२० ( ११ भाद्र २०७७) बिहान १० बजे देखि दिउँसो ३ बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु**

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय, लहान-१४,**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
प्रदेश नं. २
सम्पर्क नं. ०३३–५६१२९९,
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
फोन नं. ०२१–४७०५७५, ४७१६३७
मोवाईल नं. ९८०४०६८८५५

नोट :– बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।

*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सम्पर्क राख्न सकिनेछ ।)*


## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा* **भरियाको जीवन कहानी ...**

# 'बाह्र छोरा तेह्र नाती, भरियाको घोक्रो काँधै माथि'

सिरहाको उत्तरवर्ती चुरे क्षेत्रको गाउँमा लकडाउनको बेला भारी बोक्दै गरेको भेटिए– 'उदयपुर पातले चौरका टेक बहादुर नेपाली' । उनले ३५ वर्षदेखि भारी बोकेरै गुजारा चलाए । ३ बाँचेका पनि सबै काठमाडौंतिर भरिया काम गर्छन् ।

त्यसो त उनीपनि भारी बोकेर लठारोबाट खोला तर्ने बेला खसेर मुश्किलले जोगिए । उनी गीत सम्झिन्छन् :



छोरा २ छोरीसहित पाँच सन्तान उनले भारी बोकेरै हुर्काए, बढाए, घरजम गरिदिए । तर अहिले उनी एक्लो छन् ।

जनताका गायक जीवन शर्माले धेरै अघि गाएको जीवन्त गीत उनी अहिले पनि गुनगुनाईरहन्छन् ।

*'सिमली छायाँमा बसी भरिया लामो साँस फेरेको*
*उमेर भइसक्यो असी झन ठूला दुःखले बेरेको ।'*

गीतले भनेझैं उमेरले ८० नपुगेपनि भरीया जीवनले होला ५३ वर्षीय उनको अनुहार चाउरी परेको छ । भारीको बोझले अझैपनि थिचिएकै छन्, बुढ्यौली शरीरमा झन ठूला दुःखले उनलाई बेरेको छ ।

'हामी पाँच भाई थियौं विगत सुनाउँदै टेक बहादुर गफिए 'साहिला र काहिला दुई दाजु भारी बोकेरै परलोक भए । जेठो ललितमान र माहिला चत्रे अहिले पनि किर्तिपुरमा भरीयाबाटै गुजारा चलाउँछन् । म यतै गाउँघरमा भारी बोकेर जसोतसो गुजारा धानेको छु ।'

पातले चौरमा डेढ रोपनी ऐलानी जग्गामा बसोबास गर्दै आएका उनी भारी बोकेरै एक्लो जीवन व्यतित गर्छन । तर, गाउँघरमा चार पांग्रे गाडीले सामान ओसार पसार गर्नथालेपछि आफ्नो गुजारा संकटमा पर्न थालेको उनले दुःखेसो गरे ।

'१६ वर्षअघि २ रूपैयाँमा डाडाकाडाँमा नूनतेल भारी बोक्न सुरू गरे' उनले भने 'दाजुहरूसहित १०/१५ जनाको भरिया समूहमा भारी बोक्थ्यौं, उमेरमा रमाईलो हुन्थ्यो, गुजारा राम्रो चल्थ्यो ।' तर, अहिले ती साथीसंगी उनीसँग छैनन् । उनी एक्लो परेका छन् । उनका धेरैजसो साथीले जीब्रो टोके ।

*'बैशाखको धुपमा पनि सुख पाईन मैले, साउनको बाढी पैरो भन्न पाईन मैले ।'*

भारी बोकेरै उनले तीन छोरा र दुई छोरी हुर्काए । 'सबैको घरजम भइसके, छोराछोरीको गरि पाँच नाती र चार नातिनी भयो भन्छन' उनले भने 'तर, अहिले एक्लो छु, कोही भारत, कोही काठमाडौंतिरै छन, म एक्लो भएको कसलै हेरेनन् ।' १५ वर्षकै उमेरमा विवाह गरेका उनका पत्नी पनि साथमा छैनन् । मेरै लागि यो गीत बनाएको रहेछ उनले सम्झे '*छोरीहरू हुर्के बढे घरघर गए, छोराहरू पाँचै भाई मुग्लानीया भए, नातिनी र नातिहरू जन्मे भन्छ कुन्नी, मेरो साथी लौरो बाहेक छैन अरू सुन्नी ।'*

गाउँमा बाटो नखुल्दासम्म भारी बोकेरै दिनमा चार सय रूपैयाँसम्म उनी कमाउँथे । त्यो कमाइले बालबच्चा हुर्काउन भ्याए । तर, गाउँ गाउँमा बाटो पुगेपछि सातामा दुई दिनमात्र भारी बोक्न पाउँछन् । 'त्यस वापत पाँच सय हजार रूपैयाँसम्म हुन्छ' उनले भने 'यसबाट गुजारा धानेको छु ।'

एकातिर काम पाईन छाडेको र अर्कोतिर बुढ्यौली शरीरले भारी धान्न नसक्ने अवस्था आउन थालेकाले पीरलो बढेको छ । 'गाउँघरतिर काम पाइन छाडेको छ, १६ वर्षको उमेरदेखि बोकेको भारीले धान्ने अवस्था छैन' उनले भने 'अर्कोतिर शरीरले भारी थेग्न छाडेको छ, गुजारा चलाउने पीरलोमा परेको छु ।'

जीवनभरि अरूको भारी बोकेरै गुजारा चलाएका टेक बहादुर नेपालीले बुढ्यौली उमेरमा बालखैदेखि भारी बोकेका मजस्ता भरियाहरूको गुजाराको उपायबारे सोचिदिन बिन्ती बिसाए ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

# समृद्ध गाउँ/नगर निर्माणमा स्थानीय तहको भूमिका

## पालिका बहस

**अमरदीप सुनुवार**



कुनैपनि मुलुकको शासन व्यवस्थाको केन्द्रमा नागरिक रहन्छन् । नागरिकहरूको समृद्धिका लागि राज्य प्रणाली स्थापित भएको हुन्छ । राज्यको शासकीय स्वरुप, राज्यको विशिष्टताले निर्धारण गर्दछ । आधुनिक नेपालको शासन व्यवस्थामा राजतन्त्रात्मक शासन प्रणाली, निर्दलीय शासन व्यवस्था, बहुदलीय शासन व्यवस्था हुँदै नेपाल आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासम्म आईपुगेको आजको सन्दर्भमा 'समृद्ध नेपाल' बहुप्रचारित नारा भएको छ ।

नेपालको संविधान २०७२ ले पनि संघीय शासन प्रणाली सहित समृद्ध नेपालको परिकल्पना गरेको छ । समृद्ध नेपाल निर्माणमा संघ, प्रदेश र स्थानीयतह गरि तीनै तहका सरकारको भुमिका संविधानले पनि निर्दिष्ट गरेको पाइन्छ । वर्तमान सरकारको लोकप्रिय नाराको रूपमा पनि 'समृद्ध नेपाल र सुखी नेपाली' रहेको छ । 'समृद्ध नेपाल र सुखी नेपाली' को नारालाई मूर्तरूप दिन सरकार, विकास साझेदार, नागरिक र अन्य सरोकारवालाहरूको भूमिकाबीच सामञ्जस्यता र समन्वय हुन जरूरी देखिन्छ ।

राज्यको मूल संरचना स्थानीय तह स्थानीय सरकार हो । नेपालको संविधानले स्थानीय तहमा सरकारका तीन आधारभुत अंगको स्पष्ट व्यवस्था गरेको छ । स्थानीय तहको विधायिकी अंग गाउँपालिकामा गाउँसभा र नगरपालिकामा नगरसभा, कार्यकारी अंग गाउँपालिकामा गाउँकार्यपालिका र नगरपालिकामा नगरकार्यकापालिका र न्यायिक अंगको रूपमा गाउँपालिका तथा नगरपालिकामा न्यायिक समितिको समेत व्यवस्था गरेको छ । यस सन्दर्भमा समग्र नेपालीको समृद्धि हाँसिल गरि समृद्ध नेपाल निर्माण गर्न जनताको नजिकको कार्यात्मक सरकार (Functional Government) को रूपमा चित्रित स्थानीय तहको स्थानीय तहको भुमिका, चुनौती र अवसरको चर्चा गरिन्छ ।

नेपाल सरकारले नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरि स्थानीय तहलाई जनताको नजिक, घरदैलोको स्थानीय सरकारको रूपमा परिभाषित गरेको छ । यस ऐनले नागरिकका दैनिक प्रशासनिक र विकास सम्बन्धी कार्य गर्न स्थानीय सरकारलाई स्पष्ट मार्गचित्र प्रदान गरेको छ । त्यसैगरि स्थानीय सरकारलाई वित्तिय संघीयता सहित प्रभावकारी भूमिका निर्वाह गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आएको छ । यस ऐनले तीनै तहको सरकारमा वित्तिय व्यवस्थापन गर्ने र स्थानीय तहको स्रोत परिचालनको अवस्थालाई दृष्टिगत गरि स्थानीय विभाज्य कोषको स्थापना गर्ने र सो कोषमा मुल्य अभिवृद्धि कर र आन्तरिक अन्तः शुल्कको १५ प्रतिशत रकम कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले गरेको कार्य विस्तृतिकरण प्रतिवेदन २०७४ मा पहिचान गरिएका कुल १७९६ अधिकारहरू मध्ये स्थानीय तहले २०५ अधिकारहरू सञ्चालन गर्ने उल्लेख गरिएको छ । तीन तहको मूल संरचना सहितको संघीय शासन प्रणालीलाई संस्थागत गर्न संघीय सरकारको आ.ब.को कुलबजेटको १७५ बजेट वित्तिय हस्तान्तरण स्थानीय तहलाई गरेको देखिन्छ । यसर्थ स्थानीयलाई सार्वभौम नागरिकहरूको हित एवंम् कल्याण अभिवृद्धि गर्दै नागरिक मैत्री शासन व्यवस्था सुदृढिकरण गर्न सुनौलो अवसर प्राप्त भएको छ । संघीय शासन व्यवस्थामा नागरिकहरूको राज्यप्रति विकास, समृद्धि, शान्ति र सुशासनप्रति अपेक्षा चुलिएको छ । स्थानीय सरकारको रूपमा नागरिकका माग र आवश्यकतालाई परिपूर्ति गर्न स्थानीय तहलाई दिईएको क्षेत्राधिकार बृहत, महत्वपूर्ण र निर्णायक रहेको छ । मुख्यतया नेपालको संविधान र क्षेत्रगत ऐन, कानुनले स्थानीय तहलाई नागरिकहरूलाई प्रदान गरिने सेवा प्रवाह (Service Delivery), विकास व्यवस्थापन (Development Delivery), वित्तिय परिचालन (Financial Mobilization), स्थानीय नीति निर्माण (Policy Delivery) र स्थानीय न्याय (Local Judicial Affairs) सम्पादन सम्बन्धी काम, कर्तव्य र अधिकार प्रदान गरिएको छ । नागरिकहरूलाई सरकारको अनुभुति गराउने राज्यको मूल संरचना नै स्थानीय तह हो । जनताको नजिक रहेका स्थानीय तहको भूमिकाबाट नागरिकहरूले सरकारप्रति आफ्नो धारणा निर्माण गर्दछन् । स्थानीय तहको अधिकार क्षेत्र, कार्य प्रकृति, दायित्व एवंम् कर्तव्यलाई यसरी प्रस्तुत गरिन्छ ।

**क) सेवा प्रवाह (Service Delivery) :**

नागरिकलाई दैनिक आवश्यक पर्ने आधारभुत सेवा प्रवाह गर्ने सरकार स्थानीय तह हो । यसले नागरिकको आधारभुत आवश्यता, सामाजिक सुरक्षा, गरिबी निवारण, आर्थिक सामाजिक (Socio-economic)मामिला व्यवस्थापन, भाषिक सांस्कृतिक प्रबर्द्धन देखि लिएर आधारभुत सेवा प्रवाह गर्दछ । सेवा प्रवाहका लागि वडा कार्यालय, गाउँ पालिका, नगर पालिकालाई स्पष्ट जिम्मेवारी प्रदान गरिएको छ ।

**ख) विकास व्यवस्थापन (Development Delivery) :**

स्थानीय तहको विकास व्यवस्थापन अन्तर्गत अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रकृतिका प्रभावकारी योजना तर्जुमा गरि विकास व्यवस्थापनलाई पुर्वानुमान योग्य (Predictable) र दीगो विकास (Sustainable Development) गर्न स्थानीय तहको भूमिका अग्रणि रहेको छ । खासगरि सहभागितामुलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोल स्तरबाट योजना तर्जुमा प्रक्रिया सुरु गरि माग संकलन, पहिचान, प्राथमिकीकरण तथा छनौटको पद्धतिलाई अवलम्बन गरि नागरिकको नेतृत्वमा विकास निर्माणका गतिविधि एवंम् क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विकास व्यवस्थापनको कार्यमा वडा समितिको क्रियाशिलतालाई जोड दिदै वडा स्तरको योजना हुँदै समग्र स्थानीय तहको वार्षिक र आवधिक योजनाहरू निर्माण गर्दै नागरिकहरूको विकासको आकांक्षालाई पूर्ति गर्ने दायित्व स्थानिय तहको रहेको छ ।

**ग) वित्तिय परिचालन (Fiscal Mobilization) :**

अनेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणालीको व्यवस्था गरि स्थानीय तहको वित्तिय परिचालन सम्बन्धी कार्य जिम्मेवारी प्रदान गरिएको छ । संविधानको धारा २२९ मा स्थानीय संचित कोषको व्यवस्था गरि स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका राजश्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, स्थानीय तहले लिने ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा गरि सोहि कोषबाट स्थानीय तहको बजेट सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहको वित्तिय अधिकार क्षेत्र निर्धारण गरिएको छ । यस अन्तर्गत एकिकृत सम्पति कर र घरजग्गा कर, भूमि कर ( मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहालविटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कबाडि र जीवजन्तु कर एवंम् सेवा शुल्क र अन्य दस्तुर आर्थिक ऐनद्वारा परिचालित हुनुपर्ने व्यवस्था बमोजिम स्थानीय तहले वित्तिय परिचालन गर्नुपर्ने जिम्मेवारी रहेको छ । स्थानीय तहले वित्तिय परिचालन गर्दा वित्तिय संघीयताको मुख्य क्षेत्रहरू खर्च गर्ने अधिकार (Expenditure Responsibility), राजश्व उठाउने अधिकार (Revienue Assignment), अन्तरसरकारी वित्तिय हस्तान्तरण (Inter-Governmental Fiscal Transfer) र ऋण लिने र दिने अधिकार (Debt Management) लाई सतर्कताका पूर्ण तरिकाले कार्यान्वयन गर्नुपर्दछ ।

**घ) स्थानीय नीति निर्माण (Policy Delivery) :**

नागरिकको आकांक्षालाई आत्मसाथ गरेर स्थानीय नीति, मापदण्ड र आधारहरू निर्धारण गर्नुपर्ने भुमिका स्थानीय सरकारमा रहेको छ । स्थानीय तहको व्यवस्थापिका गाउँसभा एवं नगरसभाबाट स्थानीय नीति, कानुन र मापदण्ड तर्जुमा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको छ । आ´नो भौगोलिक, आर्थिक, प्रशासनिक, सामाजिक, सांस्कृतिक विशिष्टता अनुसारको स्थानीय नीति निर्माण गर्ने अधिकार स्थानीय तहको सुन्दर (Beauty of Local Government) पक्ष हो । स्थानीय तहले नीति निर्माण गर्दा नागरिकको अपेक्षा र स्थानीय तहको क्षमताबीच सामन्जस्यता कायम गर्न सक्नुपर्दछ ।

**ङ) स्थानीय न्याय सम्पादन (Local Jidicial Management):**

नेपालको संविधान धारा २१७ मा न्यायीक समितिको व्यवस्था गरिएको छ भने यस व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा स्थानीय न्याय सम्पादन सम्बन्धी व्यवस्था गरि स्थानीय तहलाई स्थानीय न्याय सम्पादनको दायित्व सुम्पिएको छ । स्थानीय तहको न्याय सम्पादनलाई प्रभावकारी र परिणामुखी बनाउन न्यायीक समितिको क्षेत्राधिकार अन्तर्गत १३ प्रकारका विवादको न्यायीक निरूपण गर्ने र मेलमिलापको माध्यमद्वारा ११ प्रकारका विवाद निरूपण गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । यसरी स्थानीय तहलाई प्रदान गरिएको विवाद वा मुद्दाको निरुपण गर्ने अधिकार र मेलमिलापको माध्यमबाट मात्रै विवादको निरूपण गर्ने गरि दुई प्रकारका न्यायीक अधिकारलाई सिघ्र, सरल र प्रभावकारीरूपमा सञ्चालन गरि नागरिकहरूको स्थानीय न्याय व्यवस्थापन गर्न स्थानीय तहको उपप्रमुख तथा उपाध्यक्षलाई प्रमुख जिम्मेवारी तोकिएको छ ।

स्थानीय सरकारको रूपमा परिभाषित स्थानीय तहमा मुलुकको समग्र आर्थिक सामाजिक रूपान्तरण सहित समृद्ध गाउँ/नगर निर्माणको अभियान साकार पार्न अभुतपुर्व अवसर रहेको छ । नेपाल सरकार होस् वा प्रदेश सरकार जसले जुन नीति तथा कार्यक्रम तर्जुमा गरे पनि तिनीहरूको कार्यान्वयन गर्ने संरचना स्थानीय तह नै हुन् । स्थानीय तहमा रहेको यस अवसरलाई परिणाममा बदल्न नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्था पहिल्याउन सक्नुमा नै समृद्ध गाउँ/नगर अनि समृद्ध नेपाल निर्माणमा स्थानीय तहको भुमिका निर्धारण हुन्छ ।

*अखबार नेपाल डटकमबाट*


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)